रुन्टीगढी गाउँपालिका

स्थानीय राजपत्र

संख्याः

कार्यपालिकाबाट पारित मितिः

संशोधित मितिः २०८२/०८/२२

## स्वयंसेवक शिक्षक व्यवस्थापन सहयोग अनुदान कार्यविधि, २०८१

**प्रस्तावनाः** यस गाउँपालिकाभित्रका सामुदायिक विद्यालयहरुमा विद्यार्थी सङ्ख्या र अध्यापन गर्नुपर्ने विषयका आधारमा शिक्षक दरवन्दी न्युन भई लामो समयदेखि पठनपाठनमा समस्या भएको कुरा विद्यालयहरुबाट पटकपटक आउने गरेको र सो समस्या समाधान गर्न गाउँ शिक्षा समितिले उपलब्ध गराएको तथ्याङ्कको आधारमा गाउँपालिका भित्रका विद्यालयमा नियुक्त स्वयंसेवक शिक्षक व्यवस्थापन प्रकृयालाई व्यवस्थित एवम् मर्यादित बनाई गुणस्तरीय शिक्षाको प्रत्याभुत गराउन वाञ्छनीय भएकाले प्रशासकीय कार्यविधि (नियमित गर्ने), ऐन २०७४ ले दिएको अधिकार प्रयोग गरी रुन्टीगढी गाउँपालिकाले यो कार्यविधि स्वीकृत गरी लागु गरेको छ।

### परिच्छेद- १
### प्रारम्भिक

**१.१ संक्षिप्त नाम र प्रारम्भ**

(१) यस कार्यविधिको नाम "स्वयंसेवक शिक्षक व्यवस्थापन सहयोग अनुदान कार्यविधि २०८१" रहेको छ।

(२) यो कार्यविधि रुन्टीगढी गाउँपालिका क्षेत्रभर लागु हुनेछ।

(३) यो कार्यविधि राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुनेछ।

**१.२ परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "कार्यपालिका" भन्नाले रुन्टीगढी गाउँ कार्यपालिकालाई सम्झनुपर्छ।

(ख) "गाउँपालिका" भन्नाले रुन्टीगढी गाउँपालिका सम्झनुपर्छ।

(ग) "गाउँ शिक्षा समिति" भन्नाले रुन्टीगढी गाउँपालिकामा गठित गाउँ शिक्षा समिति भन्ने सम्झनुपर्छ।

(घ) "शिक्षा प्रमुख" भन्नाले रुन्टीगढी गाउँपालिकामा कार्यरत शिक्षा अधिकृत वा सो को कामकाज गर्न तोकिएको नेपाल शिक्षा सेवाको शिक्षा हेर्ने कर्मचारीलाई सम्झनुपर्छ।

(ङ) "शिक्षा शाखा" भन्नाले रुन्टीगढी गाउँपालिकामा रहेको शिक्षा शाखालाई सम्झनुपर्छ।

(च) "सामुदायिक विद्यालय" भन्नाले नेपाल सरकारबाट वा गाउँपालिकाबाट अनुमति पाई अनुदान प्राप्त गर्ने विद्यालय भन्ने सम्झनुपर्छ।

(छ) "आधारभूत तह" भन्नाले कक्षा १ देखि ८ सम्म सञ्चालित विद्यालयको तह भन्ने सम्झनु पर्दछ।

(ज) "माध्यमिक तह" भन्नाले कक्षा ९ देखि १२ सम्म सञ्चालित विद्यालयको तह भन्ने सम्झनु पर्दछ।

(झ) "विद्यार्थी संख्या" भन्नाले IEMIS मा प्रविष्ट भएका विद्यार्थी संख्यालाई सम्झनु पर्दछ।

(ञ) "स्वयंसेवक शिक्षक" भन्नाले न्यूनतम जीवन निर्वाह खर्च लिई विद्यालयमा सेवा गर्ने शिक्षकलाई जनाउनेछ ।

**१.३ उद्देश्यः** गाउँपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयहरुमा रहेको तहगत, कक्षागत तथा विषयगत शिक्षकहरुको कमिलाई आंशिक रुपमा परिपूर्ति गर्दै विद्यालय शिक्षाको गुणस्तर, शिक्षामा पहुँच र विद्यार्थीको सिकाई उपलब्धि अभिवृद्धि गरी शैक्षिक स्तर सुधार गर्ने।

## परिच्छेद -२

## स्वयंसेवक शिक्षक व्यवस्थापन गर्ने मापदण्ड तथा आधारहरु

**२.१** स्वयंसेवक शिक्षक सहायता अनुदान वितरण गर्दा देहायका मापदण्ड तथा आधारहरु अबलम्बन गरिनेछ।

(क) आधारभूत तह कक्षा १-५ (साविक प्राथमिक तह) सम्म सञ्चालन भएका सामुदायिक विद्यालयको हकमा कुनै पनि शिक्षक दरबन्दि नभएको वा कम दरबन्दि भएका सामुदायिक विद्यालयमा कक्षा १-५ का लागि अर्को व्यवस्था नभएसम्मका लागि अनिवार्य शिक्षक व्यवस्थापन वापत सहयोग अनुदान।

(ख) आधारभुत तह कक्षा १-८ सम्म सञ्चालन भएका सामुदायिक विद्यालयका हकमा कक्षा ६-८ (साविक निम्नमाध्यमिक तह) मा कुनै पनि शिक्षक दरबन्दि नभएको वा विषयगत दरबन्दि कम भएका सामुदायिक विद्यालयमा कक्षा ६-८ का लागि अर्को व्यवस्था नभएसम्मका लागि अनिवार्य शिक्षक व्यवस्थापन वापत सहयोग अनुदान।

(ग) आधारभूत तह कक्षा १-८ सम्म सञ्चालन भई साविक निम्नमाध्यमिक तहको एक दरबन्दि मात्र रहेको सामुदायिक विद्यालयमा आवाश्यक्ताका आधारमा शिक्षक व्यवस्थापन वापत सहयोग अनुदान।

(घ) माध्यमिक तह कक्षा १-१० सञ्चालन भई कुल शिक्षक दरबन्दि ९ वा सो भन्दा कम भएका सामुदायिक विद्यालयलाई कक्षा ६-८ वा कक्षा ९-१० का लागि शिक्षक व्यवस्थापन सहयोग अनुदान।

(ङ) माध्यमिक तह ११-१२ सञ्चालनका लागि अनुमति/स्वीकृत भई कक्षा १२ को शैक्षिक सत्र पुरा गरेका सामुदायिक विद्यालयमा नेपाल सरकारबाट कुनै पनि शिक्षक अनुदान वा दरबन्दि प्राप्त नभएको भए शिक्षक व्यवस्थापन सहयोग अनुदान।

(च) न्युन दरबन्दि भएका तथा विद्यार्थी संख्या धैरे भएका साथै अंग्रेजी माध्यमबाट कक्षा सञ्चालन गर्ने विद्यालयलाई शिक्षक व्यवस्थापन सहयोग अनुदान कक्षा १-५ वा कक्षा १-३ सञ्चालित विद्यालयलाई समेत प्रदान गर्न सकिनेछ।

(छ) स्वयंसेवक शिक्षक व्यवस्थापन सहयोग अनुदान प्राप्त सामुदायिक विद्यालयले शिक्षक पदपुर्ति गर्दा सम्बन्धित तहका लागि अंग्रेजी, गणित र विज्ञान विषयलाई मूख्य प्राथमिकता दिनुपर्नेछ। अन्य

विषयको शिक्षक पदपुर्ति गर्नुपर्ने भएमा स्पष्ट आधार खुल्ने विद्यालय व्यवस्थापन समितिको निर्णय सहित गाउँपालिका समक्ष अनुमतिका लागि निवेदन पेश गर्नुपर्नेछ। यसरी प्राप्त निवेदन अध्ययन गर्दा अंग्रेजी, गणित र विज्ञान वाहेक अन्य विषयको शिक्षक पदपुर्तिका लागि अनुमति दिन मनासिव देखिएमा गाउँ शिक्षा समितिले निर्णय लिन सक्नेछ।

(ज) यो कार्यविधि बमोजिम शिक्षक व्यवस्थापन सहयोग अनुदान प्राप्त सामुदायिक विद्यालयले प्राप्त रकम विद्यालयको खातामा जम्मा गरी आम्दानी जनाउनुपर्नेछ।

(झ) शिक्षक व्यवस्थापन सहयोग अनुदान बापत प्राप्त रकम नियुक्ति भएको स्वयंसेवक शिक्षकको पारिश्रमिक वाहेक अन्य शिर्षकमा खर्च गर्न पाईने छैन।

## परिच्छेद -३

## स्वयंसेवक शिक्षकको सेवा सर्त तथा सुविधाहरु

**३.१** स्वयंसेवक शिक्षक व्यवस्थापन गर्दा निम्न सर्त बन्देज रहनेछन्।

**उम्मेदवार हुनको लागि आवश्यक पर्ने योग्यताः**

अ. १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्ने

आ. नैतिक पतन देखिने फौजदारी अभियोगमा कसुरदार नठहरिएको

**शैक्षिक योग्यता**

अ. आधारभूत तहका लागि न्यूनतम +२ वा सो सरह उत्तीर्ण

आ. माध्यमिक तहका लागि न्यूनतम स्नातक वा सो सरह उत्तीर्ण

इ. ११ र १२ का लागि न्यूनतम स्नातकोत्तर वा सो सरह उत्तीर्ण

**३.२** स्वयंसेवक शिक्षक छनोट परीक्षा गर्दा शिक्षक सेवा आयोगले तोकेको पाठ्यक्रम अनुसार नै गर्नुपर्नेछ। साथै विषयविज्ञ तथा रोष्टरको लागि गाउँपालिकाले निकालेको रोष्टर सूचीलाई आधार लिनुपर्नेछ। यस गाउँपालिकाको विज्ञ सुचीबाट कुनै विषयको विज्ञ उपलब्ध हुन नसकेमा अन्य स्थानीय तहको विज्ञ सूची र अन्य विषयगत कार्यालयमा कार्यरत विज्ञ कर्मचारी विषयविज्ञका रुपमा मनोनयन गर्न बाधा पर्ने छैन।

**३.३** स्वयंसेवक शिक्षक नियूक्ति प्रकृया शिक्षा ऐन तथा नियमावली अनुसार गर्ने तर हाल कार्यरत शिक्षकको हकमा अध्यापन अनुमतिपत्र अनिवार्य नगर्ने।

**३.४** यस कार्यविधीअनुसार शिक्षक नियुक्ति गर्दा यस गाउँपालिकाअन्तर्गत निजी स्रोतमा कार्यरत शिक्षकहरुका हकमा एकपटकका लागि न्यूनतम शैक्षिक योग्यता भन्दा एक तह मुनिको निजी शिक्षकलाई पनि योग्य मानिनेछ।

**३.५** छनोट भएका शिक्षकलाई विद्यालयले करार सम्झौता गर्ने। यो करार अवधि सामान्यतया एक आर्थिक वर्षको अन्त्य सम्मका लागि हुनेछ।

**३.६** विद्यालयमा आगामी वर्षका लागि स्वयंसेवक शिक्षक व्यवस्थापन वापतको बजेट सुनिश्चित भएको अवस्थामा मात्र गाउँपालिकाले यसै कार्यविधी अनुरुप शिक्षण सेवा करारमा लिएको व्यक्तिको शिक्षण कार्यसम्पादन र विद्यालयको सिफारिसका आधारमा प्राथमिकता दिई पुनः शिक्षण सेवा करार थप गर्न सक्नेछ।

**३.७** विद्यालयमा तत्काल कायम रहेको स्वयंसेवक शिक्षक पदमा रिक्त भई नयाँ शिक्षक नियूक्ति गर्नुपर्ने भएमा गाउँपालिकाबाट अनुमति लिएर मात्र शिक्षा ऐन नियमानुसार पदपुर्ति गर्नुपर्नेछ। पदपुर्ति गर्दा शिक्षा ऐन नियमानुसार करार शिक्षक छनोट

समितिले पदपुर्तिको काम गर्नेछ। पदपुर्ति समितिको सिफारिसमा विद्यालयले नियुक्ति दिनुपर्नेछ। यसरी गरिएको नियूक्ति गाउँपालिकाबाट समर्थन गरिएको हुनुपर्ने छ।

**३.८** विद्यालयले परिच्छेद ३ को ७ बमोजिम नियुक्त स्वयंसेवक शिक्षकको अभिलेख फाईल तयार गरी नियूक्त भएको १५ दिन भित्र गाउँपालिकाको शिक्षा शाखामा पेश गर्नुपर्नेछ।

☆**३.९ स्वयंसेवक शिक्षक व्यवस्थापन सहयोग अनुदान वितरण सम्बन्धि व्यवस्थाः** परिच्छेद २ को नियम २.१ (क), (ख), (ग) र घ बमोजिमको मापदण्ड पुरा गरेका सामुदायिक विद्यालयहरुलाई गाउँपालिकाको विनियोजित बजेटबाट देहायबमोजिम रकम उपलब्ध गराईनेछ।

(क) आधारभूत तह सामुदायिक विद्यालयको हकमा कक्षा १-३ को शिक्षक व्यवस्थापन सहयोग अनुदान वापत (एकमुष्ट रु १ लाख देखि रु २ लाख सम्म)

(ख) आधारभूत तह सामदायिक विद्यालयको हकमा कक्षा १-५ को शिक्षक व्यवस्थापन सहयोग अनुदान वापत (एकमुष्ट रु. १ लाख असी हजार देखि रु २ लाख पचास हजार सम्म)

(ग) आधारभूत सामुदायिक विद्यालयको हकमा कक्षा ६-८ को शिक्षक व्यवस्थापन सहयोग अनुदान वापत (एकमुष्ट रु ५ लाख देखि रु ६ लाख ८५ हजार सम्म)

(घ) माध्यमिक सामुदायिक विद्यालयको हकमा कक्षा ६-८ को शिक्षक व्यवस्थापन सहयोग अनुदान वापत (एकमुष्ट रु. रु ५ लाख देखि रु ६ लाख ८५ हजार सम्म)

(ङ) माध्यमिक सामुदायिक विद्यालयको हकमा कक्षा ९-१० को शिक्षक व्यवस्थापन सहयोग अनुदान वापत एकमुष्ट रु. ५,००,०००/-

(च) माध्यमिक सामुदायिक विद्यालयको हकमा कक्षा ११-१२ को शिक्षक व्यवस्थापन सहयोग अनुदान वापत एकमुष्ट रु. ५,००,०००/-

(छ) अंग्रेजी माध्यमबाट कक्षा सञ्चालन गर्ने सामुदायिक विद्यालयको हकमा शिक्षक व्यवस्थापन सहयोग अनुदान वापत एकमुष्ट रु. १,५०,०००/-

(ज) अनुदान रकम एक आर्थीक वर्षका लागि दिइने छ र सो रकम ६/६ महिना गरी २ पटक निकासा गरिने छ।

३.१० उल्लेखित सहयोग अनुदान वितरण गर्दा विद्यालयको हालसम्मको शैक्षिक प्रगति विवरणलाई समेत आधार बनाईनेछ।

३.११ यस कार्यविधि बमोजिम एकपटक अनुदान पाईसकेका विद्यालयलाई साविकको शिक्षक दरबन्दिमा थप भएको ,विद्यार्थी संख्या उल्लेख्य रुपमा घटेको लगायतका अन्य मनासिव कारण विना प्रदान गरिदै आएको अनुदान रकम कट्टा गरिने छैन।

३.१२ यस प्रकारको अनुदान प्राप्त गरेका विद्यालयले अनुदान रकम माग गर्दा नियमानुसार खर्च गरेको कागजातको साथमा प्रगति विवरण र आगामी आ.व.को योजना प्रस्ताव पेश गर्नुपर्नेछ।

३.१३ गाउँपालिकाबाट विनियोजन हुने बजेटको आधारमा नियम ३.९ मा तोकिएको विद्यालयलाई प्रदान गरिने अनुदान रकममा आवाश्यक्ताअनुसार हेरफेर गर्न सकिनेछ।

☆**पहिलो संसोधन**

## परिच्छेद -४

## करार सम्झौता रद्ध गर्न सकिने:

**४.१** देहायको अवस्था भएमा गाउँपालिकाले विद्यालयको सिफारिसमा जुनसुकै बखत सम्बन्धित शिक्षकको करार सम्झौता रद्ध गर्न सक्नेछ।

(क) विना सूचना लगातार १५ दिनभन्दा बढी अनुपस्थित भएमा

(ख) करार सम्झौतामा उल्लेखित सर्तहरु पालना नगरेमा

(ग) शिक्षक आचारसंहिताको पालना नगरेमा

(घ) विद्यालयले तोकेको अन्य कार्यहरु सन्तोषजनक नगरेमा

**४.२** उपदफा १ बमोजिम करार सम्झौता रद्ध गर्दा शिक्षकलाई प्रचलित कानुन अनुसार मानसिक सफाईको मौका नदिई सेवाबाट हटाउन पाईने छैन।

## परिच्छेद-५

## विविध

**५.१ निरिक्षण गर्न सक्ने:** यस कार्यविधिको कार्यान्वयन भएनभएको निरिक्षण एवम् अनुगमन गर्ने अधिकार गाउँ शिक्षा समिति/ शिक्षा शाखाको हुनेछ। साथै यस कार्यविधि बमोजिम शैक्षिक अनुदान रकम कार्यान्वयन नभएको पाईएमा रकम रोक्का गर्न सकिनेछ।

**५.२ बाझिएमा अमान्य हुने:** यस कार्यविधिको कुनै व्यवस्था प्रचलित कानुनसंग बाझिएमा बाझिएको हदसम्म मान्य हुनै छैन।

**५.३ बाधा अड्काउ फुकाउन सकिने:** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा व्यवधान आइपरेमा बाधा अड्काउ फुकाउन गाउँकार्यपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ।

**५.४ संसोधन र खारेजी:** यस कार्यविधिलाई गाउँकार्यपालिकाले आवश्यक प्रकृया पुरा गरी संसोधन वा खारेज गर्न सक्नेछ।

**५.६** यस कार्यविधिमा उल्लेख भएका कुरा यसै बमोजिम हुने र यो कार्यविधि जारी हुनुपूर्व सामुदायिक विद्यालयमा प्रचलित कानुन बमोजिम नियुक्त स्वयंसेवक शिक्षक यसै बमोजिम भएको मानिनेछ।